# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalmun_btw@wlink.com.n


प.सं. ०७७/०७८ (राजश्व)
च.न ९०९

मिति २०७७/०४/०९

## बुटवल उपमहानगरपालिकाको विभिन्न करहरु बुझाई छुट सुविधा उपयोग गर्ने सम्बन्धि जरुरी

## सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) का कारण सामाजिक आर्थिक क्षेत्रमा परेको नकारात्मक असरलाई मध्यनजर गरी चालु आ.व. २०७७/०७८ मा विभिन्न करदाताहरुलाई तोकिएको समयावधि भित्र कर वुझाएमा निर्धारित कर रकममा १५ देखि २५ प्रतिशत सम्म छुट दिने व्यवस्था आर्थिक ऐन २०७७ मा भएको हुँदा कानून बमोजिम प्राप्त हुने छुट लिई लाभान्वित हुन सम्पूर्ण नगरवासी तथा करदाता महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.न. | कर शिर्षक | छुट प्रतिशत | छुट सुविधा दिने समयावधि | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिकर( मालपोत) | १५ प्रतिशत | पहिलो चरणमा २०७७ कार्तिक मसान्त सम्म | |
| २ | सम्पत्ति कर | १५ प्रतिशत | पहिलो चरणमा २०७७ कार्तिक मसान्त सम्म | आ.व. २०७६/०७७ को बक्यौतामा जरिवाना मिन्हा हुने । |
| ३ | घर बहाल कर | २५ प्रतिशत | पहिलो चरणमा २०७७ कार्तिक मसान्त सम्म | आ.व. २०७६/०७७ को बक्यौतामा जरिवाना मिन्हा हुने । |
| ४ | पेशा व्यवसाय कर | २५ प्रतिशत | पहिलो चरणमा २०७७ कार्तिक मसान्त सम्म | आ.व. २०७६/०७७ को बक्यौतामा जरिवानामा जरिवाना मिन्हा हुने । |

**नोट :- व्यवसाय कर सम्बन्धमा गरिएको थप कानूनी व्यवस्थाहरुः-**

१.नेपाल सरकार/ प्रदेश सरकारका विभिन्न निकायमा दर्ता भएका तर विभिन्न कारणबाट यस कार्यालयमा व्यवसाय दर्ता गर्न छुट भएका व्यक्ति, फर्म, संस्था तथा कम्पनीहरुले आ.व.२०७४/०७५ भन्दा अगाडी अन्यत्र दर्ता भएको भएता पनि आ.व. २०७४/०७५ लाई व्यवसाय गरेको आधार वर्ष मानी सोही आधार वर्षबाट मात्र कर निर्धारण गर्ने र सो भन्दा अगाडीको कर तथा वक्यौता (जरिवाना समेत) छुट तथा मिन्हा गर्ने ।

२.नगर क्षेत्रमा विगत लामो समय व्यवसाय गरी व्यवसाय दर्ता समेत गरेका तर व्यवसाय कर वक्यौता रहेका करदाताहरुलाई समेत निजले व्यवसाय गरेको आधार वर्ष आ.व. २०७४/०७५ कायम गरी सोही आधार वर्ष देखिको मात्र कर निर्धारण गर्ने र सो भन्दा अगाडीको कर तथा वक्यौता (जरिवाना समेत) छुट तथा मिन्हा गर्ने ।

३.व्यवसाय दर्ता शुल्क रु ३००/०० र व्यवसाय नविकरण शुल्क रु १००/०० मात्र लाग्ने छ ।

४.उल्लेखित सवै किसिमका कर निर्धारण तथा असुली सम्बन्धित वडा कार्यालयबाटै हुने व्यहोरा समेत अनुरोध छ ।

**५.सम्पत्ति वहाल संवन्धी व्यवस्थाः**

वुटवल उपमहानगरपालिकाका संरचना/सटर वहालको संझौता भएका व्यवसायीहरुलाई लकडाउन अवधि मध्ये १ महिनाको वहाल रकम छुट दिने र २०७७ आषाढ मसान्तमा संझौता समाप्त हुने हरुको हकमा २०७७ भाद्र मसान्तभित्र वहाल वक्यौता वुझाउने व्यवसायीहरुको संझौताको म्याद २०७८ आषाढ मसान्तसम्म थप गर्ने निर्णय भएकोले समयमै वहाल वक्यौता वुझाई थप अवधिका लागि संझौता गर्न आउनु हुन समेत अनुरोध छ ।

अनुरोधकः
वुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय